## आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः ३१ दिसम्बर २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. कोलाकातामा ६ करोड़ ६० लाख रूपियाँ भन्दा बढ़ीको नक्कली औषधी बरामद । एक जनाको पक्राउ।
२. बंगलादेशमा हिन्दूहरू र अन्य अल्पसंख्यकहरू विरूद्ध जारी हिन्साको विरोध्मा कोलकातामा इस्कोनको विशाल प्रदर्शन।
३. पश्चिम बंगाल की मुख्यमंत्री ममता व्यानर्जीले नयाँ वर्ष २०२५ को शुभकामना दिन्दै टिएमसी माँ, माटी, मानुष प्रति कृत संकल्प रहेको भन्नुभएको छ।
४. सिलीगुड़ पुलिसले चोरी गरिएका मोबाईलहरू बरामद गरि नयाँ वर्षको एकदिन अघि ४० जना धनीलाई फर्काएको छ।
५. दार्जीलिङ जिल्लाभरी रहेका ३४७ जना होमस्टे का मालिकहरूलाई जीटिए र राज्य सरकारले १ करोड़ ७८ लाख ५० हजार रूपियाँको आर्थिक मदद गरेको छ।
६. सिलगड़ीमा सतपाल महाराजको उपस्थितिमा दुई दिने सद्भावना सम्मेलन आज देखि शुरू।

**नकली औषधि जब्त**

पश्चिम बंगालको कोलकातामा केन्द्रीय स्वास्थ्य मन्त्रालयले नक्कली औषधिहरू विरुद्ध तुरुन्त कारबाही गरेर ६ करोड ६० लाख मूल्यको औषधि बरामद गरेको छ। मन्त्रालय अन्तर्गत रहेका केन्द्रीय औषधि मानक नियन्त्रण संगठन (ब्व्बिब्द्ध र औषधि नियन्त्रण प्रशासनले कोलकातामा संयुक्त रूपमा छापा मारेको थियो। यस छापामारीमा नक्कली औषधि बरामद गरी एक जना अभियुक्त पक्राउ गरिएको छ । बरामद गरिएका सबै औषधिहरुमा क्यान्सर प्रतिरोधीए मधुमेह प्रतिरोधी र अन्य महँगो उपचारका औषधि छन् । केंद्रीय औषधि मानक नियंत्रण संगठनले जारी गरेको विज्ञप्तिमा ती सबै औषधिहरूमा आयरल्यान्ड, टर्की, अमेरिका र बंगलादेशलगायत विभिन्न देशमा उत्पादन हुने लेबल लगाइएको छ । भारतमा यी औषधिको वैधानिक आयात प्रमाणित गर्ने कुनै सहायक कागज फेला परेको छैन। त्यस्ता कागजात नभएमा यी औषधि नक्कली मानिने संस्थाले जनाएको छ । परीक्षण टोलीले पर्याप्त परीक्षण सुनिश्चित गर्न नमूनाहरू सङ्कलन गरी गुणस्तर परीक्षणको लागि पठाएको छ।

****** ० *****

**इस्कन कोलकाता**

बंगलादेशमा हिन्दूहरूमाथि भइरहेको आक्रमण तथा धार्मिक अल्पसंख्यकहरूको सुरक्षाका लागि आज कोलकातामा अन्तरराष्ट्रिय कृष्णभावनांमृत संघ (इस्कन)- का भक्तहरूले प्रार्थना सभाको आयोजन गरे। यो प्रार्थना सभा शेख हसिना सरकारको पतनपछि त्यहाँ हिन्दूहरूमाथि लगातार भइरहेको बर्बरताको विरोधमा आयोजना गरिएको थियो।इस्कन कोलकाताका प्रवक्ता राधारमण दासको नेतृत्वमा सयकड़ौं भक्तहरूले अल्बर्ट रोड केन्द्रमा श्हरे कृष्णश महामन्त्रको जाप अनि भजन-कीर्तन गरे। यी भक्तहरूले हातमा पोस्टर अनि ब्यानर लिएर बंगलादेशका हिन्दूहरूको सुरक्षा सुनिश्चित गर्ने माग गरे।
इस्कनले बंगलादेशको अन्तरिम सरकारस सँग कट्टरपन्थीहरू विरूद्ध कड़ा कारबाही ग्रने अनि अल्पसंख्यकहरूमाझ विश्वास बहालीको निम्ति कदम उठाउने माग गरेको छ। यस अतिरिक्त बंगलादेशमा पक्रा पर्ने हिन्दू आध्यात्मिक नेता चिन्मय कृष्ण दास लगायत अन्य भिक्षुहरूलाई रिहाई गर्ने अपील पनि गरेको छ।
चिन्मय कृष्ण दासलाई आगामी दुई जनवरीमा बंगलादेशको अदालतमा पेश गरिनेछ। इस्कन भक्तहरूले उनीहरूप्रति समर्थन जनाउँदै उनीहरूलाई तत्काल रिहाई गर्नुपर्ने माग गरेका छन्।

****** ० *****

**मुख्यमन्त्री - भावुक सन्देश**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले नयाँ वर्षको पूर्वसन्ध्यामा राज्यका जनतालाई धन्यवाद दिँदै भावुक सन्देश जारी गर्नु भएको छ । उहाले मा, माटी र मानुष प्रतिको आफ्नो प्रतिबद्धता दोहोराउनु हुदै आगामी वर्षका लागि राज्यका जनतालाई आश्वासन दिनु भएको छ कि तृणमूल कांग्रेस नयाँ आशा र प्रकाशका साथ उनीहरूको साथमा उभिनेछ। सन् २०२४ लाई ममता बनर्जीले आफ्नो सन्देशमा चुनौती र उपलब्धिको वर्षको रुपमा व्याख्या गर्नु भएको छ । उहाले राज्यका जनताको विश्वास र समर्थन नै आफ्नो शक्तिको मुख्य स्रोत भएको बताउनु भयो । उहाले लेख्नुभएको छए श्माए माटी र मानुष हाम्रो शक्ति हुन् । यो वर्ष तपाईहरु सबैको विश्वास र सहयोग बिना सम्भव हुने थिएन । " मुख्यमन्त्रीले आफ्नो ट्वीटमा यस वर्षको कठिनाइ र सफलताले आफूलाई अझ बलियो बनाएको बताउनु भएको छ । जनताको माया र समर्थनका लागि हात जोड्दै कृतज्ञता व्यक्त गर्दै यो श्अविस्मरणीय वर्षश भएको उहाले बताउनु भयो । उहाले पोस्टमा भन्नु भयो श्नयाँ वर्षमा म न्यायए स्वतन्त्रताए समानता र भ्रातृत्वको आदर्शलाई कायम राख्न प्रतिबद्ध छुएश । म सँधै तपाईंको साथमा रहनेछु र तपाईंको रक्षा गर्नेछु। आफ्नो सन्देशको अन्त्यमा मुख्यमन्त्रीले "जय बङ्गला" को नारा लगाउनुभयो र बङ्गालका जनताका लागि नयाँ सपना र आशाको आह्वान गर्नुभयो। मुख्यमन्त्रीले तृणमूल कङ्ग्रेसले राज्यका जनताको हितका लागि काम गरिरहने आश्वासन दिनु भयो । उहाले सन् २०२५ को आगमनले बङ्गालका लागि नयाँ सम्भावना र विकासको ढोका खोल्ने बताउनु भएको छ।

****** ० *****

**राज्यसरकार**

राज्य सरकारले ग्रामीण क्षेत्रहरूमा सेवा दिनदेखि बच्ने सीनियर रेजिडेन्ट डाक्टरहरूमाथि कड़ा नीति अप्नाएको छ। राज्य सचिवालय नवान्नले आदेश जारी गर्दै भनेको छ, डाक्टर बण्ड सर्भिस अन्तर्गत निर्धारित स्थानहरूमा सेवा पुर्‍याउनमा लापरवाही गर्ने डाक्टरहरूको वेतनमाथि रोक लगाइनेछ। यो निर्णय राज्य सरकारका सबै मेडिकल कलेजहरूका एकाउण्ट अफिसर्सलाई निर्देशित गरिएको छ। एमडी-एमएस उत्तीर्ण सीनियर रेजिडेन्ट डाक्टरहरूले तीन वर्षको अवधिको लागि ग्रामीणए जिल्लाए महकुमा अनि स्टेट जनरल अस्पतालहरूमा सेवा पुर्‍याउन अनिवार्य छ। यस अवधि उनीहरूले ६५ हजारदेखि ७५ हजारसम्म मासिक भत्ता प्राप्त गर्दछन्। अबदेखि यदि उनीहरूले यस सेवामा लापरवाही गरे उनीहरूको भत्ता रोकिनेछ। स्वास्थ्य विभागले स्पष्ट पारेको छ, यो नियम पहिलाबाटै थियोए तर जनहितलाई ध्यानमा राख्दै यसलाई कड़ाई पूर्वक लागू गर्ने फसेला लिइएको छ। वर्तमानमा राज्यमा एघार सयभन्दा अधिक सीनियर रेजिडेन्ट डाक्टर बण्ड सर्भिस अन्तर्गत कार्यरत रहेका छन्। नयाँ आदेश अनुसार यदि कुनै डाक्टरले बण्ड सर्भिसलाई पालन नगरे सम्बन्धित मेडिकल कलेजका प्रिन्सिपल अनि भाइस प्रिन्सिपललाई पनि जवाफदेही ठहराइनेछ। यस्ता डाक्टरहरूलाई तत्काल रिलिभी गर्ने निर्देश दिइएको छ। एक जनवरी २०२५.देखि बण्ड सर्भिसका नियमहरूको उल्लंघन गरिए कुनै पनि प्रकारको अपीललाई स्वीकार गरिने छैन। डाक्टरहरूलाई जिल्ला स्तरमा सेवा दिनका लागि काउन्सिलिंगको माध्यमबाट पोस्टिंग गरिनेछ। यो कदम स्वास्थ्य सेवाहरूमा सुधार अनि ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सुविधालाई सुदृढ़ बनाउने उद्देश्यले उठाइएको हो। राज्य सरकारको यस फसेलाबाट ग्रामीण क्षेत्रहरूका स्वास्थ्य सेवाहरूमा सकारात्मक परिवर्तन आउने आशा छ।

****** ० *****

**एस.टी.एफ. - पश्चिम बंगालको**

पश्चिम बंगालको स्पेशल टास्क फोर्स (एसटीएफ) ले मुर्शिदाबाद जिल्लाको नवदा थाना क्षेत्रबाट दुई युवकलाई आतङ्की गतिविधिहरूमा सामेल रहेको आरोपमा पक्राउ गरेको छ। पक्रा परेका आरोपीहरूको नवदा थाना क्षेत्रको निवासी हुन्।एसटीएफका एस.पी आई.पी.एस इन्द्रजीत बसुले मंगलवार कारबाहीको जानकारी दिँदै भन्नु भयो ए यी दुवै आऱोपीको गतिविधिहरू माथि लामो समयदेखि नजर राखिँदै थियो। विस्तृत जाँच पछि यिनीहरूलाई विशेष अभियान अन्तर्गत पक्राउ गरियो।पुलिस अनुसारए यी दुईयुवकहरु आतङ्की गतिविधिहरूमा सामेल थिए। यिनीहरू विरूद्ध नवदा थानामा मामिला दर्ता गरिएको छ। पक्रा परेका दुवै आरोपीसित सोधपुछ भइरहेको छ ताकि यिनीहरूको सम्पर्क र योजनाहरूबारे पत्तो लगाउन सकियोस्।

एसटीएफले यस कारबाहीलाई राज्यमा सुरक्षा सुनिश्चित गर्नका लागि एक महत्वपूर्ण कदम बताएको छ। एसपी इन्द्रजीत बसुले भन्नु भयो  ए  यस सफलताले आतङ्की संगठनहरूको मनसायमा पानी फेरिएको छ र पुलिसले आतङ्कवाद विरूद्ध आफ्नो सतर्कता जारी राख्नेछ।
पुलिसले अब पक्रा परेका आरोपीहरूको नेटवर्क र यिनीहरूका सम्पर्कहरूको जाँच गरिरहेको छ। यिनीहरूको सम्बन्ध कुन संगठनहरूसित छ र कुन गतिविधिहरूमा सामेल थिएए  यसको पत्तो लगाउने प्रयास भइरहेको छ।

****** ० *****

**सिलिगुडी**

सिलिगुडी  पुलिसले नयाँ वर्षको एक दिनअघि उपहारस्वरुप नगरवासीको मुहारमा खुशी फर्काएको छ। शहरका करिब ४० जनालाई हराएको मोबाइल फिर्ता दिएको छ। केही मानिसहरु थिए जसले आफ्नो जीवनमा पहिलो पटक मोबाइल लिएका थिएए तर त्यो चोरी भयो वा हरायो ।
वास्तवमा सिलिगुडी मेट्रोपोलिटन पुलिसको माटिगाडा पुलिस स्टेशनमा चोरी र हराएको मोबाइल फोनको धेरै उजुरीहरू दर्ता गरिएको थियो। उजुरीका आधारमा अनुसन्धान सुरु गरेको माटिगाडा पुलिस चौकीको पुलिसले ४० वटा मोबाइल फोन बरामद गरी नयाँ वर्षको ठीक अघि आज मालिकलाई फिर्ता गरेको थियो। मोबाइल फिर्ता पाएपछि मालिकले पुलिसप्रति कृतज्ञता व्यक्त गरेका छन्। माटिगाडा पुलिस चौकीका इन्चार्ज अरिन्दम भट्टाचार्यले नयाँ वर्षको पूर्वसन्ध्यामा ४० वटा मोबाइल फोन बरामद गरी मालिकलाई फिर्ता गरिएको जानकारी दिए। उनको टिमले मानिसहरुको मुहारमा मुस्कान ल्याउने काम लाई निरन्तरता दिनेछ।

****** ० *****

**होमस्टे आर्थिक सहयोग**

दार्जीलिङ जिल्ला भरि रहेका मोठ ३४७ जना होमस्टे मालिकहरूलाई जीटीए अनि राज्य सरकारको तर्फबाट मोठ १ करोड़ ७८ लाख ५० हजार रूपियाँ आर्थिक सहयोग प्रदान गरियो। विशेष होमस्टे मालिकहरूलाई उनीहरूको व्यवसायमा प्रोत्साह तुल्याउनका साथै केही हदसम्म भए पनि सहयोग प्रदान गर्ने उद्देश्यले  राज्य सरकार र जीटीएले होमस्टे मालिकहरूलाई आर्थिक सहयोग प्रदान गर्दै आइरहेका छन्। जसमा २९९ जनालाई दोस्रो किस्ता अनि ४८ जनालाई प्रथम किस्ताको आर्थिक सहयोग प्रदान गरियो।

****** ० *****

**सद्भावना**

मानव धर्मका प्रणेता सतपाल जी महाराजको प्रमुख उपस्थितिमा दुई दिवसीय सद्भावना सम्मेलन सिलगढी नजीक परेड खेल  मैदानमा शुरु गरिएको छ। उत्तर पुर्वान्चल क्षेत्र समितिको मुख्य आयोजनामा आयोजित यस सम्मेलनमा दार्जिलिङ पहाड सगै उत्तर बगालएसिक्किम असम लगायत छिमेकी राष्ट्रिय नेपाल तथा भुटानका अनुयायीहरुको बिशेश उपस्थित थियो।कार्यक्रममा मानव सेवा दलको मण्डल स्तरीय  पीटी परेड सम्पन्न भएको थियो। जसमा दार्जीलिङ मण्डलए  सिक्किम मण्डल र डुवर्स मण्डलका  नारी र पुरुष स्वयंसेक- सेविकाहरूको अलग अलग टोलीले भाग लिएका लिए।  पी टी परेडलाई श्री हंस ब्याण्डले साथ दिएका थिए।

****** ० *****

**नेपाली साहित्य सम्मेलन**

कालेबुङमा नेपाली साहित्य सम्मेलनले २०२५ को डा. पारसमणि पुरस्कार दार्जीलिङको घुम निवासी तनाहाङ सुब्बालाई प्रदान गरिने घोषणा गरेको छ। आज यहाँको रामाकृष्ण भवनमा आयोजित कवि अगमसिंह गिरीको ९७औं जन्मजयन्तीको उपलक्ष्यमा पुरस्कार प्रदान गरिने घोषणा गरिएको हो।

****** ० *****

**नेपाली साहित्य अध्ययन समिति**

नेपाली साहित्य अध्ययन समितिद्वारा गिरी जयन्ती पालन गरियो। सभापति जोक चाम्लिङको अध्यक्षतमा सम्पन्न कार्यक्रममा संरक्षक कुमार छेत्री डा अञ्जना राई लगायत अन्य साहित्य अनुरागीहरूको उपस्थिति रहेको थियो। जोगबिर

शाक्यले सन्चालन गरेको कार्यक्रममा अगम सिंह गिरीको परिचय माथि नविन पौड्यालले परिचयात्मक वार्ता राखेका थिए। यसरी नै मुल सचिव बलभद्र शर्माले गिरी जयन्तीको औचित्य अनि आगामी दिनमा हुने पारसमणि पुरस्कार माथि प्रकाश पारेका थिए।

****** ० *****

**जीटीए मार्सल आर्ट्स गेम्स २०२४**

जीटीएको सहयोग एवम् एलिड मार्सल आर्ट्स डेभलोपमेन्ट एसोसिएशनको तत्वावधानमा कालेबुङको सम्थारमा आयोजन गरिएको २ दिवसीय दोस्रो जीटीए मार्सल आर्ट्स गेम्स २०२४.मा दार्जीलिङ जिल्ला बक्सिङ एसोसिएशन फर्स्ट रनर अप बन्न सफल बन्यो। यस प्रतियोगितामा दिल्लीए कलकत्ताए असम राइफल्सका प्रतियोगीहरू लगायत जीटीए क्षेत्रका ८० जना प्रतियोगीले भाग लिएको थियो। जसमा दार्जीलिङ जिल्ला बक्सिङ एसोसिएशनका ७ जनाले गोल्डए ७ जनाले सिल्भर र ६ जनाले ब्रोञ्ज मेडल प्राप्त गरेका छन्।

****** ० *****

****** ० ******